बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
चलानी नं. : 66

मिति २०८२/१२/०१

## प्रस्ताव सङ्कलन गर्ने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, हेटौंडा, नेपालको मिति २०८२/११/२८ च.नं.११९५ को प्राप्त पत्र बमोजिम बागमती प्रदेश सरकार, सामाजिक बिकास मन्त्रालयको चालु आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत **उत्कृष्ट महिला सहकारी संस्था**लाई क्षमता बिकास/प्रोत्साहन/सहयोग कार्यक्रम कार्यान्वयनका लागि उत्कृष्ठ महिला सहकारी संस्था छनौट गर्ने कार्यक्रम रहेको हुँदा बलेफी गाउँपालिकाभित्र सञ्चालनमा रहेका महिला सहकारी संस्थाहरुले तपसिलमा उल्लेखित कागजात सहित मिति २०८२/११/१२ गतेभित्र बलेफी गाउँपालिकाको कार्यालमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. सहकारी संस्था दर्ता र नवीकरण प्रमाण पत्रको छाँयाप्रति
२. संस्थाको बिधानको छाँयाप्रति
३. स्थायी लेखा नम्वर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको छाँयाप्रति
४. कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको छाँयाप्रति
५. गत आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनको छाँयाप्रति
६. पछिल्लो दुई आर्थिक बर्षको साधारण सभा बैठकको माइन्युटको छाँयाप्रति
७. संस्थामा कार्यरत जनशक्तिको विवरण
८. संस्थाको निर्वाचन भए/नभएको विवरण र भएको भए सोको अभिलेख
९. संस्थाको पुंजीको वर्तमान अवस्थाको विवरण
१०. संस्थाको भौतिक अवस्था आफ्नै भवन भएको/निर्माणाधिन भवन भएको/जग्गा मात्र भएको/ नभएको
११. समितिको बैठकको उपस्थिति तथा निर्णयहरुको अभिलेख
१२. समिति अन्तर्गत ब्यवसायिक समूह बिकास भएको बिवरण १ वटा भन्दा बढि ब्यवसायिक समूह गठन भएको/१ वटा मात्रै ब्यवसायिक समूह गठन भएको/ब्यवसायिक समूह गठन नभएको ।
१३. यस अघि मन्त्रालयबाट सहयोग वा अनुदान प्राप्त गरेको छैन भन्ने महिला सहकारी संस्थाको स्वघोषणा पत्र ।

(होम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४००५३८ इमेलः balephi2017@gmail.com वेबसाइटः https://www.balephimun.gov.np
फेसबुकः www.facebook.com/balephiruralmunicipality
"कृषि योग्य, व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ"